लुम्बिनी प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
# प्रदेश खेलकुद परिषद् लुम्बिनी
PROVINCE SPORTS COUNCIL, LUMBINI NEPAL
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या : ०८२/८३
च. नं. : १६२

मिति:-२०८३/०२/२५

श्री कार्यालय प्रमुख ज्यू,
जिल्ला खेलकुद विकास समिति (सबै)

**विषय: खेलाडी सहभागी गराईदिने सम्बन्धमा।**

प्रस्तुत विषयमा प्रदेश खेलकुद परिषद लुम्बिनीको आयोजनामा **प्रदेशस्तरीय पुरुष तथा महिला बक्सिङ्ग प्रतियोगिता-२०८३** तपसिल बमोजिम सञ्चालन गरिने भएकाले सम्बन्धित जिल्लाको बक्सिङ्ग संघहरुको सहकार्यमा खेलाडी छनौट गरी उक्त प्रतियोगितामा सहभागी गराउनुहुन निर्देशानुसार अनुरोध छ। प्रतियोगितासँग सम्बन्धित नियम र खेलाडी दर्ता फाराम यसै पत्रसाथ संलग्न राखी पठाईएको छ।

**तपसिल:**

प्रतियोगिता सञ्चालन मिति: २०८३ जेष्ठ २९ र ३० गते ।
स्थान: घोराही, दाङ।
दर्ता गर्ने अन्तिम मिति: २०८३ जेष्ठ २८ गते दिनको १२ बजे सम्म।

**ईभेन्ट:**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| महिला | ५१ के.जी. | ५४ के.जी. | ६० के.जी. | ६५ के.जी. | ७५ के.जी. | |
| पुरुष | ५५ के.जी. | ६० के.जी. | ७० के.जी. | ८० के.जी. | ९० के.जी. | ९० के.जी. + |

**थप जानकारीका लागि सम्पर्क:**

१. अमृत के.सी.- ९८६९९७०२९१
२. सुरेन्द्र चौधरी ९८०९८७७१२३

अमृत के.सी.
प्रशासन प्रमुख
प्रशासन प्रमुख

Email-lumbinisportscouncil@gmail.com, Phone No: 082-590759
"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"

# प्रदेशस्तरीय पुरुष तथा महिला बक्सिङ्ग प्रतियोगिता २०८३

प्रतियोगितासँग सम्बन्धित नियमहरु

१. खेल बक्सिङ्ग खेल बिधाको राष्ट्रिय तथा अन्तराष्ट्रिय नियम अनुसार खेलाइनेछ।
२. जिल्लाबाट छनौट भएका खेलाडीहरु जिल्ला खेलकुद बिकास समिति मार्फत आउनु पर्नेछ।
३. प्रत्येक जिल्लाको टिममा बक्सिङ्ग खेल बिधाको १ जना टिम प्रशिक्षक हुनेछन्।
४. खेलाडीहरुको WEIGHING मिति २०८३/०२/२९ गते बिहान ६ बजे हुनेछ।
५. खेल दाङ जिल्लाको घोराही उपमहानगरपालिका वडा नं १५ स्थित दरवार स्केट पार्कमा हुनेछ।
६. प्रतियोगितामा सहभागि खेलाडी र टिम प्रशिक्षकले दर्ता फाराममा हालसालै खिचेको फोटो टाँस गर्नुपर्नेछ।
७. खेलाडी दर्ता फाराम नबुझाउने खेलाडीले प्रतियोगितामा सहभागि हुन पाउनेछैन।
८. केही कुरामा विवाद भएमा प्रदेश खेलकुद परिषद लुम्बिनीको निर्णय अन्तिम हुनेछ।
९. प्रोटेष्ट गर्न चाहेमा प्रोटेष्ट दस्तुर रु ५५०० तिरेर खेल समाप्त भएको १० मिनेट भित्र निबेदन दर्ता गर्न सकिनेछ। छानबिन पश्चात दोषी ठहरिए पराजित खेलाडीलाइ बिजेता घोषणा गरिनेछ। तर उजुरी गलत सावित भएमा प्रोटेष्ट दस्तुर फिर्ता हुनेछैन।
१०. खेलाडीहरुले खेल पोषाक र SAFETY EQUIPMENTS आफैं ब्यबस्थापन गर्नु पर्नेछ र SAFETY EQUIPMENTS अनिवार्य लगाउनु पर्नेछ।
११. सहभागी टिमबाट खेल्ने खेलाडी सम्बन्धित जिल्लाको हुनुपर्नेछ नत्र सम्पूर्ण सुबिधाबाट बञ्चित हुनेछ।
१२. बिजेता खेलाडीहरुलाइ मेडल र प्रमाणपत्र दिइनेछ। प्रथम, द्बितिय र तृतिय हुने जिल्लालाई ट्रफी उपलब्ध गराइनेछ।
१३. प्रतियोगिताको उदघाटन समारोह मिति २०८३/०२/२९ गते बिहान ८ बजे खेल स्थलमा हुनेछ।
१४. खेलाडीले आफ्नो नागरिकता, जन्म दर्ता वा नाम र ठेगाना खुल्ने सरकारी कागजातको सक्कल र प्रतिलिपि अनिबार्य ल्याउनुपर्नेछ अन्यथा खेलमा सहभागी गराइनेछैन।
१५. खेलाडी र टिम प्रशिक्षकलाइ खाना तथा आवास वापत प्रतिदिन रु १२०० को दरले २.५ दिनको उपलब्ध गराइनेछ।
१६. प्रतियोगिता सञ्चालन हुने जिल्ला वाहेक अन्य जिल्लाका खेलाडी, टिम प्रशिक्षक र रेफ्रीलाइ प्रचलित भाडादरमा यातायात खर्च उपलब्ध गराइनेछ।
१७. आफ्नो जिल्लाका खेलाडीहरुको खेल हुँदा सोही जिल्लाको रेफ्रीले रेफ्री गर्न पाइने छैन्।

१८. रेफ्रीलाइ प्रति दिन खाना तथा आवास वापत दिनको रु. १२०० को दरले २.५ दिनको र यसको अतिरिक्त अन्तराष्ट्रिय रेफ्रीलाइ प्रतिदिन रु. १५०० र राष्ट्रिय रेफ्रीलाइ प्रतिदिन रु. १००० का दरले १५ प्रतिशत कर कट्टी २ दिनको भत्ता उपलब्ध गराइनेछ। रेफ्री लाइसेन्स अनिवार्य गरिएको छ।

# प्रदेश खेलकुद परिषद् लुम्बिनी

प्रदेशस्तरीय पुरुष तथा महिला बक्सिङ्ग प्रतियोगिता-२०८३

## <u>खेलाडी दर्ता फाराम</u>

फोटो
पासपोट
साइज

खेलाडीको नाम, थर (देवनागरीमा):.................................................................

खेलाडीको नाम थर (अंग्रेजीमा):.....................................................................

स्थायी ठेगाना:......................................................................

अस्थायी ठेगाना:.....................................................................

जन्म मिति: .........................नागरिकता नं:.................. शैक्षिक योग्यता:............

तौल:............. उचाइ:..................

अध्ययनरत स्कूल/कलेजको नाम:.....................................................................

खेलाडीको सम्पर्क नं:..................................

बुवाको नाम थर:......................................आमाको नाम थर...........................................

बुवाको सम्पर्क नं:.....................................आमाको सम्पर्क नं.........................................

प्रशिक्षकको नाम:.......................................प्रशिक्षकको सम्पर्क नं:...................................

**हाल सम्म सहभागी प्रतियोगिताको नाम:**

१.

२.

३.

हाल सम्मको उच्चतम उपलब्धिहरु:

१.

२.

३.

माथि उल्लेखित ब्यहोरा ठिक साँचो हो, झुठ्ठा ठहर भएमा सहुँला बुझाउँला।

खेलाडीको हस्ताक्षर:

| | |
|---|---|
| प्रमाणित गर्ने: | प्रमाणित गर्ने: |
| जि.खे.वि.स. अधिकारी | प्रदेश खेलकुद परिषद अधिकारी |
| नाम थर: | नाम थर: |
| पद: | पद: |
| मिति: | मिति: |
| हस्ताक्षर: | हस्ताक्षर: |
| कार्यालयको छाप: | कार्यालयको छाप: |
| | दर्ता नं: |